इमिस कोड नं : २७०४७०००३ विद्यालय कोड नं : २९२७२ एसएलसी कोड : २७२०२

# साङ्ला बालकुमारी माध्यमिक विद्यालय

(सामुदायिक विद्यालय)

तारकेश्वर नगरपालिका-१,साङ्ला,काठमाडौं

स्थापित:वि.सं २००८

फोन नं ०१४९७३२३३, इमेल:sanglabalkumari@gmail.com

प.सं २०८३।८४

च.नं. ५२

मितिः २०८३/०६/११

श्री सम्बन्धित सबै,

विषयः भूल सुधार गरिएको सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस विद्यालयबाट आजकै मितिमा विद्यालयको वेवसाइटमा राखिएको च. नं. ५१ को शिक्षक सरुवा सम्बन्धमा प्रारम्भिक प्राथमिकताक्रम तथा दाबी–विरोध पेश गर्ने सम्बन्धी सूचनामा प्रारम्भिक प्राथमिकताक्रमको १ नम्बरमा राखिएको उमेदवार शिक्षकको सरुवा प्राथमिकताको आधार/विशेष अवस्थाको महलमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम **'क' वर्ग सरहको अपाङ्गता भएको अशक्त बच्चा** हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

डा. टिका राम भट्ट

प्रधानाध्यापक

इमिस कोड नं : २७०४७०००३ विद्यालय कोड नं : २९२७२ एसएलसी कोड : २७२०२

# साङ्ला बालकुमारी माध्यमिक विद्यालय

(सामुदायिक विद्यालय)

तारकेश्वर नगरपालिका-१,साङ्ला,काठमाडौं

स्थापित:वि.सं २००८

फोन नं ०१४९७३२३३, इमेल:sanglabalkumari@gmail.com

प.सं २०८३।८४ मिति: २०८३/०६/११

च.नं. ५१

श्री सम्बन्धित सबै,

विषयः शिक्षक सरुवा सम्बन्धमा प्रारम्भिक प्राथमिकताक्रम तथा दाबी–विरोध पेश गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणीको शिक्षक पद सरुवा प्रक्रियाद्वारा पदपूर्ति गर्न विज्ञापन गरिएकोमा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/२६ गतेको निर्णय तथा सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय तथा गहन छलफल पश्चात शिक्षा नियमावली, २०५९ को दशौँ संशोधनको नियम ९९ बमोजिम योग्यता पुगेका १११ जना प्राथमिक तह, तृतीय श्रेणीका स्थायी शिक्षकहरूबाट नियमानुसार शिक्षकहरु स्वयम् उपस्थित भई वा विद्युतिय माध्यमबाट प्राप्त दरखास्त तथा संलग्न प्रमाण कागजातहरूको गहन अध्ययन एवं परीक्षण पश्चात् शिक्षा नियमावली, २०५९ को नियम ९९ बमोजिम विशेष प्राथमिकतामा पर्ने उम्मेदवारहरूको अवस्था तथा पेश भएका प्रमाण कागजातसमेतलाई आधार मानी देहायबमोजिम प्रारम्भिक प्राथमिकताक्रम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | शिक्षकको नाम | दर्ता नं. | सरुवा प्राथमिकताको आधार/ विशेष अवस्था | प्रारम्भिक प्राथमिकताक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | निरञ्जना पौडेल | ५४ | ६ हप्ताको गर्भवती तथा १ वर्ष ११ महिनाको 'क' वर्ग सरहको अपाङ्गता भएको अशक्त बच्चाकी आमा रहेको | १ | |
| २ | गिता सिंखडा | ४९ | १० महिनाको दूधेबालककी आमा तथा पहिलो बच्चा (हाल ९ वर्ष) को Ovarian Torsion को शल्यक्रिया भई एउटा डिम्बाशय निकालिएको | २ | |
| ३ | सुनिता नेपाली | ८४ | ख वर्गको अपाङ्गता दृष्टिविहिन | ३ | |
| ४ | गिता शर्मा धमला | ६२ | ३ महिनाको गर्भवती | ४ | |

उपर्युक्त प्राथमिकताक्रम निर्धारण गर्दा विशेष प्राथमिकतामा पर्ने उम्मेदवारको हकमा "अन्य शिक्षक" का लागि लागू हुने ६५ पूर्णाङ्कको ज्येष्ठता, शैक्षिक योग्यता तथा तालिमको अंकलाई मुख्य छनोट आधार नबनाई, नियम ९९(११) बमोजिमको विशेष प्राथमिकता तथा प्रमाणित विशेष अवस्थालाई आधार मानिएको हो।

उपर्युक्त प्राथमिकताक्रम प्राप्त दरखास्त, संलग्न प्रमाण कागजात तथा प्रचलित कानुनी व्यवस्था (शिक्षा नियमावली, २०५९ को दशौं संशोधन) को आधारमा कायम गरिएको प्रारम्भिक प्राथमिकताक्रम हो। उपर्युक्त प्रारम्भिक प्राथमिकताक्रम, सम्बन्धित उम्मेदवारको योग्यता, विशेष अवस्था, पेश भएका प्रमाण कागजात वा प्राथमिकता निर्धारणको आधारका सम्बन्धमा कसैलाई दाबी, विरोध वा आपत्ति भएमा आफ्नो दाबी पुष्टि हुने आवश्यक प्रमाण कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र यस विद्यालयमा स्वयम् उपस्थित भई वा आफ्नो वारेश मार्फत लिखित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

तोकिएको अवधिभित्र प्राप्त हुने दाबी–विरोध तथा संलग्न प्रमाण कागजातहरूको अध्ययन एवं आवश्यक छानबिन गरी प्रचलित कानुनबमोजिम अन्तिम प्राथमिकताक्रम निर्धारण तथा सरुवा प्रक्रियासम्बन्धी आवश्यक निर्णय गरिनेछ। तोकिएको अवधिभित्र कुनै दाबी–विरोध प्राप्त नभएमा वा प्राप्त दाबी–विरोध उपर आवश्यक छानबिन सम्पन्न भएपछि प्रचलित कानुनबमोजिम विद्यालय व्यवस्थापन समितिबाट अन्तिम निर्णय गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

डा. टिका राम भट्ट

प्रधानाध्यापक